मिति: २०८२/०३/२७

# संयुक्त प्रेस विज्ञप्ति

एम.आर.पी. (MRP) सहित को लेबल अनिवार्य गर्ने बारे ।

नेपाल सरकार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागद्वारा उपभोक्ता संरक्षण ऐन २०७५ को व्यवस्था उल्लेख गर्दै डिलर, खुद्रा तथा थोक विक्रेताहरुले सम्पूर्ण वस्तुहरूमा अधिकतम खुद्रा मूल्य (MRP) सहितको लेबल अनिवार्य गर्ने र आगामी श्रावण १ गते देखी बृहतरुपमा बजार अनुगमन गर्ने भन्ने बारे यस संघ सहित निम्न उल्लेखीत विभिन्न क्षेत्रका जिल्ला, नगर उद्योग वाणिज्य संघ तथा व्यवसायीक संस्थाहरुका प्रतिनिधीहरु बीच हालै छलफल तथा परामर्श कार्यक्रम भएको थियो । उक्त कार्यक्रममा उपस्थित प्रतिनिधिहरुले सबै प्रकारका वस्तुहरूमा तत्काल MRP लागू गर्नु व्यवहारिक दृष्टिले असम्भव रहेको स्पष्ट रूपमा बताएका छन् ।

२०७३ सालको ऐनमा भएका धेरै व्यवस्थाहरु कार्यान्वयन गर्न नसक्ने, खुल्ला बजार अर्थतन्त्र संग मेल नगर्ने, उपभोक्तहरुको हित भन्दा अव्यवहारीक व्यवस्थाले व्यवसायीहरुलाई व्यवसाय गर्न असहजता गर्ने व्यवस्थाका कारण ऐन पुन:लेखन जरुरी रहेको हामीले भन्दै आएका थियौं । दशौं वर्ष सम्म कार्यान्वयन गर्न नसकीएका थुप्रै दफालाई भन्दा लेबलमा १३ वटा व्यहोरा उल्लेख गर्न पर्ने भनिएको मध्य एउटा बुंदाँ लिई बजारमा असहज परिस्थिति श्रृजना नगर्न र ऐन कार्यान्वय सहजताका लागी सरोकारवाला पक्षहरु संग गम्भिर छलफल र सहकार्य गर्न अनुरोध गर्दछ ।

सो सन्दर्भमा, सम्पूर्ण वस्तुमा एकैपटक MRP लागू गर्नुको सट्टा ऐनमा जनतालाई अति अत्यावश्यक वस्तु वर्गीकरण गर्नुपर्ने भनिए अनुसार वर्गीकरण गरी चरणबद्ध रूपमा, प्रारम्भमा अतिआवश्यक उपभोग्य वस्तुहरूमा अनिवार्य गर्दै अन्य वस्तुहरूका लागि व्यवसायीहरूसँग समन्वय गर्दै स्पष्ट, व्यवहारिक कठीनाई हल गर्दै, र वैकल्पिक नीतिहरू अवलम्बन गर्न र विलासिताका वस्तुहरुका हकमा एमआरपी स्वेच्छिक हुन पर्दछ । खुल्ला बजार अर्थतन्त्र संग मेल खाने र हाम्रो मिश्रित अर्थतन्त्र ( Mix Economy) को बाध्यता दुबै लाई साथ राखी घाटाको जोखिम उठाउन तयार व्यवसायीलाई अवसरको लाभ पाउन सक्ने व्यवस्था पनि हुन पर्दछ भन्नेमा यो भेला स्पष्ट गर्दछ । मागको कमीका कारण ५०% हाराहारी संचालन गर्न बाध्य स्वदेशी उत्पादकहरुको व्यवहारीक अवस्था र कठीनाई बुझी, स्थान विशेष, वितरणको तह, मूल्यांकन, लागत निर्धारण विधि सबै को गहन छलफल गरी मात्र अनुगमन गर्न अनुरोध छ ।

विशेषगरी यो व्यवस्थाले तेस्रो मुलुकबाट आयात गरिएका वस्तुहरूमा मूल्य निर्धारण गर्दा विदेशी विनिमय दर, ढुवानी खर्च, भन्सार मूल्याङ्कन, सीमामा खुला बजार प्रणालीजस्ता कारणले अनाधिकृत व्यापारी ले प्रश्रय पाउने र अन्य व्यवसायी डर र त्रासमा रहेर व्यापार व्यवसाय बाट विस्थापित हुन बाध्य गर्ने छ। यसले हाल चाडपर्व अगाडी को समयमा बजार अनुगमनको नाममा व्यवसायीलाई ऐनको गलत व्याख्या गरी मनपरी जरीवाना, छापा मार्ने, विकी बन्द गरी दिने धम्की, डर र त्रास देखाई गरीखाने व्यवसायीहरूलाई त्रसित बनाउने कार्यले व्यवसायीक वातावरण असहज बनाउदै विस्थापीत हुन बाध्य बनाउन मात्र हो भन्ने आशंका उब्जाएको छ।
हालको अवस्थालाई दृष्टिगत गर्दै अनुगमन कार्य तत्कालका लागी स्थगित गर्न वाणिज्य , आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र सम्बन्धित ऐन तथा नियमहरूलाई व्यवहारिक र कार्यान्वयन योग्य हुने गरी तत्काल संशोधन गर्नका लागी वाणिज्य, आपूर्ति तथा उपभोक्ता मन्त्रालयलाई यसै विज्ञप्ति मार्फत विनम्र अनुरोध गर्दछौ। साथै व्यवसायीलाई सशंकित वा भय, डर र त्रास देखाई व्यापार सञ्चालनमा अवरोध सिर्जना गर्नुको सट्टा नीति निर्माणमा समावेशी छलफल र दीर्घकालीन समाधानमा जोड दिनुपर्ने हाम्रो धारणा छ।

भवदीय ,

नेपाल उद्योग वाणिज्य संघ काठमाडौं (NCICK)

भक्तपुर उद्योग वाणिज्य संघ

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ

नेपाल टेलरिङ्ग व्यवसायी महासंघ (FTEAN)

नेपाल हिमालय सीमापार वाणिज्य संघ

खिचापोखरी न्यूरोड व्यापार संघ

राष्ट्रिय व्यापार संघ

नेपाल कस्मेटिक व्यवसायी संघ

नयाँ बानेश्वर व्यापार व्यवसायी संघ

एकता व्यापार संघ

नेपाल व्यापार संघ

थकाली भान्साघर संघ

नेपाल राष्ट्रिय व्यवसायी महासंघ

चाबाहिल व्यवसायी संघ

अप्टिकल व्यवसायी संघ काठमाडौं

नेपाल वितरक संघ

कोटेश्वर व्यवसायी संघ

बत्तीसपुतली गौशाला व्यापार व्यवसायी संघ

सुरज आर्केड व्यापार संघ

रन्जना व्यापार संघ

काठमाडौं विद्युतीय व्यवसायी संघ

विशाल बजार व्यापार संघ

आर. वि. कम्प्लेक्स व्यापार संघ